अनुसूचि-१६

(दफा ३३ को उप दफा (२) संग सम्वन्धित )

श्री नवशान्ति सामुदायिक वन उपभोक्ता समूह, लमही-७, हसनापुर, दाङ

काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/६/१ गते)

प्रथम पटक संशोधन मितिः २०८३/६/१३ गते

श्री नवशान्ति सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित यस समुहको लमही-७, हसनापुर घाटगद्धीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी २२ औं दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिलः

१. वन पैदावारको विवरणः

लट नं.-१

| क्र.सं. | लट नं. | वनपैदावरको जात | ग्रेड | गोलिया थान | परिमाण | मूल्यांकन | | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | क्यू.फीट/चट्टा | न्यूनतम मुल्य रु | संकलन खर्च रु. | |
| १ | १ | अस्ना | ए | २० | ३५८.१९ | १४३२७६.०० | ७१६३८ | |
| २ | | अस्ना | वि | ३६ | ३६३.५६ | १०९०६८.०० | ७२७१२ | |
| ३ | | अस्ना | सि | १०३ | ३७६.३३ | ३७६३३.०० | ७५२६६ | |
| ४ | | साल | वि | ६ | ५९.०७ | ५३१६३.०० | ११८१४ | |
| ५ | | साल | सि | १३२ | ४४५.२० | २६७१२०.०० | ८९०४० | |
| ६ | | साल | डि | २१ | ३८.३५ | ११५०५.०० | ७६७० | |
| ७ | | कर्मा | ए | २ | २६.४७ | १०५८८.०० | ५२९४ | |
| ८ | | कर्मा | वि | २२ | १७८.३० | ५३४९०.०० | ३५६६० | |
| ९ | | कर्मा | सि | ७० | २६५.८० | २६५८०.०० | ५३१६० | |
| १० | | जामुन | वि | ४ | ४३.७३ | १३११९.०० | ८७४६ | |
| ११ | | जामुन | सि | १० | ३५.७४ | ३५७४.०० | ७१४८ | |
| १२ | | धौटी | | ४६ | २३०.५० | २३०५०.०० | ४६१०० | |
| १३ | | वर्रो | | ३३ | २५९.२० | ५१८४०.०० | ५१८४० | |
| १४ | | ददवे | | १० | ५०.८७ | ५०८७.०० | १०१७४ | |
| | | काठको कूल जम्मा | | ५१५ | २७३१.३१ | ८०९०९३ | ५४६२६२ | |
| १५ | | साल दाउरा | | | ३.०० | ३६००० | ३०००० | |
| १६ | | मिश्रित दाउरा | | | १७.०० | ६८००० | १७०००० | |
| | | दाउराको कूल जम्मा | | | २०.०० | १०४००० | २००००० | |
| | | काठ र दाउराको कूल जम्मा | | | | ९१३०९३ | ७४६२६२ | |

लट नं.-२

| क्र.सं. | लट नं. | वनपैदावरको जात | ग्रेड | गोलिया थान | परिमाण | मूल्यांकन | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | क्यू.फीट/चट्टा | न्यूनतम मुल्य रु | संकलन खर्च रु. | |
| १ | २ | अस्ना | ए | ४३ | ६७६.४० | २७०५६०.०० | १३५२८० | |
| २ | | अस्ना | वि | ४१ | ४२९.६२ | १२८८८६.०० | ८५९२४ | |
| ३ | | अस्ना | सि | ७५ | २९०.९१ | २९०९१.०० | ५८१८२ | |
| ४ | | साल | सि | ३९ | ११४.२८ | ६८५६८.०० | २२८५६ | |
| ५ | | साल | डि | २ | ३.४७ | १०४१.०० | ६९४ | |
| ६ | | कर्णाली | | १ | २.३६ | २३६.०० | ४७२ | |
| ७ | | धौटी | | ७० | ४०६.६० | ४०६६०.०० | ८१३२० | |
| ८ | | हर्रो | | ७ | ३५.४३ | ७०८६.०० | ७०८६ | |
| ९ | | सिमल | | ५ | ३०.८९ | ४६३३.५० | ६१७८ | |
| १० | | मसला | | २ | ७.४८ | ७४८.०० | १४९६ | |
| ११ | | सिसौ | वि | ४० | ११४.४८ | ५७२४०.०० | २२८९६ | |
| | | काठको कूल जम्मा | | ३२५ | २१११.९२ | ६०८७५० | ४२२३८४ | |
| १२ | | मिश्रित दाउरा | | | १६.०० | ६४००० | १६०००० | |
| | | दाउराको कूल जम्मा | | | १६.०० | ६४००० | १६०००० | |
| | | काठ र दाउराको कूल जम्मा | | | | ६७२७५० | ५८२३८४ | |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/६/२१ गते समय दिनको ५.०० वजे सम्म ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/६/२२ गते समय दिनको १२.०० वजे सम्म ।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलि पल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. वोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको रा.वा. वैंक लिमिटेड लमही शाखामा रहेको खाता नं-४२९०१००००१९६८००१ मा नगद जम्मा भौचर वा वैंक ग्यारेन्टी गरेको कागजात, भौचर समावेश हुनु पर्नेछ।

४. वोलपत्र फारमको प्रति लटको रु. १,०००/- पछि फिर्ता नहुने गरी यस सामुदायिक वन उपभोक्ता समूह वा सम्वन्धित वन कार्यालयबाट खरिद गरि तोकिएको समयमा सामुदायिक वनको कार्यालयमा दाखिला गर्नु पर्ने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको लमही-७, हसनापुर, दाङमा रहेको घाटगद्धि स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, वन कार्यालयमा सुचीकृत भएको प्रमाणपत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/६/२२ गते दिनको १.०० वजे साक्षीहरुको रोहवरमा खोलिने छ। सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाइएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

ध्रुव वहादुर चौधरी

अध्यक्ष